परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौँ ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक १५ २०८२ कार्तिक २३ आईतवार Sunday 9, NOV 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कार्तिक पुर्णिमाको अवसरमा कमला खोलामा कुलदेवता स्नान

सिरहा । कार्तिक पूर्णिमाको पावन अवसरमा धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदीमा हरेक वर्षभैँ यस वर्ष पनि कुलदेउता स्नान गर्न हजारौको भिड लागेको थियो ।

अनौठो 'देवीदेवता मेला' मा मंगलबार साँझ घरबाट धामी झाँक्रीसहित हिँडेका सिरहा र धनुषा वासी लगायत भारतका भक्तहरू धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदी उत्तरबाट दक्षिण तिर बग्ने उतराहिणीमा स्नान गर्न भिड लागेको थियो ।

उतराहिणीमा कात्तिक शुक्ल पूर्णिमाको दिन स्नान गर्दा भुत बैताल, देवि देवताबाट परिवार मा हुने अशान्तिबाट छुटकारा पाउने एक धामीले बताए । धामी झाँक्रीहरुले भूत र घरको कुल देवता खेल्दै आजको दिन अर्थात् कार्तिक शुक्ल पूर्णिमाको दिन स्नान गर्ने सदियौँको परम्परा भएको सर्वसाधारण को भनाईछ ।

यो मेलालाई धामी झाँक्रीको मेला पनि भनिन्छ । आजका दिन नयाँ नयाँ धामी झाँक्री बन्ने विश्वास रहेको छ । कात्तिक पूर्णिमा मेलामा स्नान गरेपछि घर आउने बेलामा भक्तजन हरुले कमला नदीको शुद्ध पानी आ-आफ्नो घर लैजाने गर्छन् । उक्त पानीलाई जमिन छर्केर पूजाका लागि शुद्ध पार्न प्रयोगमा ल्याइने धामी झाँक्रीहरु बताउँछन् ।



सिरहा र धनुषा जिल्ला जोड्ने कमला खोलामा लाग्ने देवता मेलामा आफ्नो परिवारको सुख, शान्तिको लागि कामना गर्दै भक्तजनहरु । तस्वीर : श्याम सुन्दर सुतिहार

## हुलाकी राजमार्ग चाडैं निर्माण गर्न माग

विराटनगर । कटहरी गाउँ-पालिका अन्तर्गत पर्ने हुलाकी राजमार्गको चाडै निर्माणको माग गर्दै सर्वसाधारण जनताले विहीवार बाटो अवरुद्ध गरी विरोध प्रदर्शन गरेका थिए ।

कटहरीका सर्वसाधारणहरुले सडकमा ढाठ बाधेर दुई पांग्रे र चार पांग्रे सवारी साधन रोकेर विरोध विरोध प्रदर्शन गरेको थियो ।

कटहरी गाउँपालिका अन्तरगत हुलाक सडक खण्ड ठेकादारले निर्माण कार्य बन्दगरी बेपत्ता भएपछि सर्वसाधारण विरोधमा उत्रेका थिए ।

बाटो निर्माण कार्य अलपत्र बनाई ठेकादार कम्पनी भागेपछि बाटो धुलामै भएर आम सर्वसाधारण दुःख पूर्ण यात्रा गर्न बाध्य भएकाछन् ।

बोटो निर्माणको काम ढिलाई भएका कारण यातायातका साधन चलाउन कठिनाई हुनुका साथै पानी परेको बेला हिलाम्मे र घामलागेको वेला धुल्लामे भई जोखीम पूर्ण यात्रा गर्नुपरेको सर्वसाधारणको भनाईछ ।

कटहरी सडक खण्डमा सडक निर्माण गर्ने ठेकादार कम्पनी र सरोकारवाला निकायको विरोधमा स्थानीयहरु बाँस तेरसाएर शान्ति पूर्ण विरोध जनाएका कटहरी उद्योग बाणिज्य संघका अध्यक्ष अरबिन्द शर्माको वताएका थिए ।

जवसम्म ठेकेदारले बाटो निर्मार्णको काम सुरु गर्दैन तबसम्म शान्ति पूर्ण आन्दोलन जारीने रहने शर्माको चेतावनी थियो । सडकछेउका बासिन्दा हरुको घरमा बस्ने अवस्था छैन, अहिले घर धुलोले छपक्कै छोपेको अवस्था छ । सरकारले बाटो निर्माणको काममा अबपनि ढिला सुस्ती गर्यो भने सडकमै सुतने स्थानीय तेज बहादुर विश्वकर्म र जेन्जी युवाहरुले आक्रोस व्यक्त गरेका थिए ।

रंगेली-विराटनगर हुलाकी सडक निर्माणको लागि पीएस गजुरमुखि मोतिदान जेभीलाई

वांकी अन्तिम पेजमा...

## बालबालिकाहरुलाई स्वर्णविन्दु प्राशन

विराटनगर । एक वर्ष देखि पाँच वर्ष सम्मका बालबालिका हरुलाई स्वर्णबिन्दु प्राशन खुवाईने भएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङले शुक्रवार अभिमुखिकरण सरोकारवाला हरुसंग अभिमुखिकरण कार्य-क्रमको आयोजना गरी बालबालिकालाई स्वर्णबिन्दु प्राशन खुवाईने स्वास्थ्य केन्द्रका प्रमुख डा.रामप्रबोध चौधरीले जानकारी जानकारी गराएका थिए ।

उहाँका अनुशार स्वर्णबिन्दु प्राशन सुनको भष्म, औषधी मिसाएको घिउ र महको मिश्रणबाट तयार गरिन्छ । स्वर्णबिन्दु प्राशन प्रत्येक महिनाको पुष्य नक्षेत्रको दिनमा खुवाईने भएकोले सो नक्षेत्र अर्थात कार्तिक २५ गते सोमवार १ पटकमा एक हजार बालबालिकालाई खुवाउने तयारी रहेको उहाँको भनाई छ ।

मोरङमा चालु आर्थिक वर्षमा विराटनगर महानगर पालिकामा पहिलो पटक कार्यक्रम सञ्चालन गर्न लागिएको छ ।


डा. चौधरीका अनुशार स्वर्णबिन्दु प्राशन सुनको भष्म, औषधी मिसाएको घिउ र महको मिश्रणबाट तयार गरिन्छ । स्वर्णबिन्दु प्राशन प्रत्येक महिनाको पुष्य नक्षेत्रको दिनमा खुवाईने उहाँले जानकारी गराएका थिए ।

स्वर्णबिन्दु प्राशनले बाल-बालिकाको स्मरण शक्ति र बाणीमा सुधार हुने, पाचनशक्ति र शारीरिक वल बृद्धि हुने, रोग प्रतिरोधात्मक क्षमता मजबुत हुने, बालबालिका उर्जावान, तेजस्वी र सुन्दर हुने डा. चौधरीको भनाईछ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङका कविराज निरीक्षक वैजनाथ साहका अनुशार स्वर्णबिन्दु प्राशन, जसलाई सूवर्ण प्राशन वा स्वर्ग प्राशन पनि भनिन्छ । यो एक परम्परागत आयुर्वेदिक औषधि हो । बालबालिकाको वर्ष अनुसार २ देखि ५ थोपा खुवाईन्छ । ब्राह्मी भन्ने एउटा जडिबुटी हो, जसले बाल बालिकाको मानसिक विकासमा सकारात्मक प्रभाव पार्ने कविराज निरीक्षक साहले जनाकारी गराएका थिए ।

अभिमुखीकरण कार्यक्रममा जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्वर राई, विराटनगर महानगरपालिका वडा नं ८ का वडाध्यक्ष राम पोखरेल, पत्रकार महासंघ मोरङ अध्यक्ष सुशीला पाठक लगायतले आयुर्वेद स्वास्थ्यलाई राज्यले प्राथमिकता मा राख्न नसक्दा यसप्रति आम सर्वसाधारणले विश्वास गर्न नसकेको वताए ।

NO SMOKING



क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

## कार्तिक...

मंगलबार साँझदेखि नै धामीझाँक्री, भगता र सर्वसाधारण भक्तजनहरू 'घरको कुलदेवता' खेलाउँदै कमला नदीको किनारमा भेला भएका थिए। रातभर कमला घाटमै बास बसेका उनीहरूले बुधबार बिहानै स्नान र पूजापाठ गरी दही-च्यूरा खाएर घर फर्किएका थिए ।

कात्तिक पूर्णिमाको दिन स्नान, दान र व्रत गरे मुक्ति प्राप्त हुने जनविश्वास रहँदै आएको छ। कमला नदीलाई 'गंगाको स्वरूप' मान्ने परम्परा भएकाले, यस दिन हजारौं मानिस यहाँ स्नान गर्न आउने गर्दछन् । धार्मिक श्रद्धा, रीतिरिवाज र स्थानीय परम्पराको अद्भुत समिश्रण देखिने यो मेलाले सांस्कृतिक पहिचानको संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## हुलाकी...

२०७६ कार्तिक २४ गते सम्झौता गरेर २०७९ कार्तिक सम्म निर्माणकार्य सम्पन्न गर्ने समय तोकेको थियो ।

धनपालथान गाउँपालिकाको मंगलबारेदेखि जुडिपुल सम्मको सडक निर्माणकार्यका लागि पीएस गजुरमुखि मोतीदान जेभि बानेश्वरले पाएको थियो । त्यसैगरी जुडि पुल देखि बिराटनगरको हाटखोला सम्मको सडक निर्माणकार्य गर्ने श्रेष्ठ कन्सट्रक्सन कम्पनी जिम्मे-वारी पाएको थियो ।

# रेडियोलोजी दिवसमा ११ सम्मानित

विराटनगर । विश्व रेडियोलोजी दिवसका अवसरमा शनिबार विराटनगर मा प्रभातफेरी निकालिएको छ ।

नेपाल रेडियोलोजिकल सोसाइटी कोशी प्रदेशले प्रभातफेरी र सम्मान कार्यक्रमको आयोजना गर्दै दिवस मनाएको हो ।

सन् २०१२ देखि हरेक नोभेम्बर ८ का दिन अन्तर्राष्ट्रिय रूपमा 'विश्व रेडियोलोजी दिवस' मनाइँदै आएको छ ।

कोशी अस्पतालका विष्ण प्रसाद शर्मा, विनोद काफ्ले, मोहनकुमार थापा र शर्भा मण्डल (खत्वे), नोबेल अस्पतालका सन्तोषकुमार माझी, प्रमेश्वर सरदार, सन्तोष माझी, न्युरो अस्पतालका मदन कामत, सुरेश राजवंशी, पुष्प राजवंशी र विराट अस्पतालका विनय झा गरी ११ जनालाई सम्मान गरिएको थियो ।




# एमाले निर्वाचनबाट भाग्दैन, चुनाव हुने वातावरण सरकारले बनाउन सकेन : एमाले नेता अधिकारी




विराटनगर । नेकपा एमाले स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले सरकारले चुनाव हुने वातावरण बनाउन नसकेको बताउनुभएको छ । एमाले निर्वाचनबाट नभाग्दै भन्दै उहाँले सरकार चुनाव गराउने गरि नलागेको आरोप लगाउनु भयो ।

प्रेस चौतारी मोरङले आज विहान विराटनगरमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा नेता अधिकारीले भन्नुभयो,' हामी चुनावबाट भाग्दैनौं । तर, सरकार चुनाव गराउने दिशामा छैन ।' प्रतिनिधिसभा पुर्नस्थापना गरेर गैरसांसद पनि प्रधानमन्त्री हुनेगरि संविधान संशोधन गरि निर्वाचनमा जानुपर्ने उहाँले बताउनुभयो । नेता अधिकारीले भन्नुभयो,' अहिलेको सरकार गैर संवैधानिक तवरले निर्माण गरिएको छ । यसलाई खारेज गर्नु पर्छ ।' वर्तमान सरकारले निश्पक्ष निर्वाचन गराउन नसक्ने उहाँको दावी छ । निर्वाचन भयरहित हुनेमा आशंका देखिएको छ । नेता अधिकारीले भन्नुभयो,' अपराध कार्यमा संलग्नहरु फरार छन् । फरार कैदीहरु सम्पर्कमा छैनन । हतियार, गोलीहरु लुटिएको छ । कसरी भयरहित चुनाव हुन सक्छ ?'

प्रजातन्त्रको उपहास हुनेगरिको निर्वाचन गराउन सरकारले चाहेको भए दुर्भाग्यहुने उहाँले बताउनु भयो । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको छानवीनका लागि बनाईएको आयोगले निश्पक्ष छानवीन गर्न नसक्ने उहाँले बताउनुभयो । पूर्वधारणा व्यक्त गरेका व्यक्तिहरुले निश्पक्ष छानवीन गर्न नसक्ने नेता अधिकारीको भनाई छ ।

जेनजीका नाममा सार्वजनिक र निजी सम्पती माथि भएको तोडफोड, लुटपाट र आजगनी गर्ने कार्य आपराधिक भएको उहाँले बताउनुभयो । नेता अधिकारीले भन्नुभयो,' कोइराला निवास जलाएर कुन लोकतन्त्रको स्वाद खाईयो ?' भदौ २३ र २४ गतेको घटनाको निश्पक्ष छानवीनको माग गर्दै उहाँले गौरी वहादुर कार्की नेतृत्वको आयोगले यो काम गर्न नसक्ने बताउनुभयो । अरुण खवरबाट

## मधुमेह (डाइबिटिज)रोगबाट बचौं ।

**मधुमेहले,**
- शरीरका विभिन्न अंगमा क्षति पूर्‍याउने, - मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ,

**त्यसैले मधुमेहबाट बच्न,**
- शरिरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जंक फुड तथा तारिका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौ, नियमिति व्यायाम गरौं,
- रेशायूक्त तथा प्राकृतिक खाने कुरा खाऔं,
- प्रशोधित खानेकुराहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं, - नियमित स्वास्थ्य परिक्षण गरौं,

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

परिवर्तनको लागि क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# राजीतिक सुधारको खाँचो

नेपालको राजनीतिक यात्रा लामो संघर्ष र बलिदानको फल हो। राजतन्त्रदेखि गणतन्त्र र हालको जेनजी आन्दोलको परिवर्तको यात्रामा जनताको अपेक्षा अनुसार शासन व्यवस्था परिवर्तन भएता पनि सुशासनको मामलामा दुर्भाग्यवश, प्रणाली परिवर्तन भएन। राजनितिक दलमा रहेका नेताहरु र नेताका कार्यकताहरुको सोच र संस्कारमा खासै परिवर्तन हुन सकेन जसका कारण जेनजी उमेर समूहको युवाहरु आन्दोलन गर्न वाध्य हुनु पर्‍यो। मुलुकको प्रमुख आवश्यकता भनेकै राजनीतिक सुधार हो, जसले देशलाई सही दिशामा अघि बढाउन सक्छ।

राजनीतिमा निष्ठा भन्दा पनि स्वार्थ बलियो भएकै कारण राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र कमजोर छ, नेताहरू सधैं सत्ताको खेलमा व्यस्त छन्। विचार र नीतिभन्दा पद र लाभको राजनीति मौलाउँदै गएको छ। यसले जनतामा राजनीतिप्रतिको विश्वास कमजोर बनाइरहेको छ। संसद, सरकार वा स्थानीय तह सबै ठाउँमा पारदर्शिता र जवाफदेहिताको कमी भइ भ्रष्टाचार गरेको मात्र देखिन्छ। राज्यका अंगहरूमा दक्ष, इमानदार, र जनमुखी व्यक्तिहरूको प्रवेश सुनिश्चित गर्न कानूनी तथा संस्थागत सुधार आवश्यक छ।

राजनीतिक सुधारको अर्थ केवल नेताको अदल-बदल होइन, राजनीतिक संस्कृति परिवर्तन हो। दलहरूमा आन्तरिक लोकतन्त्र, नीति-आधारित निर्णय, युवा सहभागिता, र भ्रष्टाचारमुक्त नेतृत्वको अभ्यास हुनुपर्छ। सुधारको अर्को पक्ष नागरिक सचेतना हो। जबसम्म जनताले इमानदार नेताको समर्थन र गलतको विरोध गर्न सक्दैनन्, तबसम्म सुधार अधुरो रहन्छ। शिक्षित, सचेत, र जिम्मेवार नागरिक नै स्वस्थ लोकतन्त्रको मेरुदण्ड हुन्। पछिल्लो समयमा भएको जेनजी उमेर समूहको आन्दोलनले चाहेको सुशासन र भ्रष्टाचार मुक्त समाज निर्माण गर्न सवैपक्ष जुट्न आवश्यक छ।

# नवयुवा विद्रोह के हो ? अब जाने कता हो ?

**सङ्गीत स्रोता**

नेपालको सामाजिक एवम् अर्थ-राजनीतिक कारणहरुले निम्त्याएको सङ्कटको विस्फोट हो, २३-२४ भदौको विद्रोह। २०७२ को संविधान निर्माणपछि जनअपेक्षा पूरा हुन सकेन। राजनीतिक स्थिरता, भ्रष्टाचार नियन्त्रण, रोजगारीको सिर्जना, उद्यमशीलता प्रवर्द्धन र समृद्धिको सुरुवात हुने अपेक्षाको उल्टो प्रमुख तीन पार्टी कांग्रेस, एमाले, माओवादी र तिनका मुली नेता 'म्युजिकल चेयर' खेलभैंं सत्तामा बस्ने र आमजनलाई अपमानित गर्ने काम गरिरहे।

जुन सरकार आए पनि कुशासन, नातावाद, घुसखोरी, नीतिगत भ्रष्टाचारमा निर्लिप्त भयो। त्यसविरुद्धको प्रतिरोध पटकपटक सडकमा प्रकट भइरहेको थियो। नेकपा (नेकपा)को शासनकालदेखि किसान आन्दोलन, मिटरब्याज विरुद्ध आन्दोलन, बैंक-वित्तीय संस्थाको शोषणविरुद्ध आन्दोलन, जातव्यवस्थाविरुद्ध आन्दोलन, नागरिक आन्दोलन, साम्राज्य वादी हस्तक्षेपविरुद्ध आन्दोलन चलिरहेकै थिए। यी सबैको उत्कर्ष भदौ २३-२४ को बानेश्वर विद्रोह हो।

संविधानअनुसार नेपाली राज्य औपचारिक रुपमा समाजवादोन्मुख (समावेशी, लोकतान्त्रिक, संघीय गण तान्त्रिक, धर्मनिरपेक्ष) थियोछ। नेपाली समाजको अधिरचनामा आएको यो महत्तवपूर्ण फेरबदल थियो। उत्पादन-सम्बन्धले पनि २००७ साल र त्यसयता पटकपटकका क्रान्ति एवम् क्रमिक विकासको बाटो हुँदै पुँजीवादी ढाँचामा आकार ग्रहण गर्दै गएको हो। अर्थात् नेपाली समाज पिछडिएको, परनिर्भर तर पुँजीवादी समाज हो। पुँजीवादी राज्यमा आर्थिक विषमता, बेरोजगारी, महँगी, भ्रष्टाचार, कुशासन मूलप्रवृत्ति हुने गर्छ।

यही व्यवस्थाभित्र पनि राज्यले संविधानको भावनाअनुसार आर्थिक लोकतन्त्रका क्षेत्रमा न्यूनतम काम गर्न सक्थ्यो। उत्पादन का क्षेत्रलाई प्राथमिकता दिन सक्थ्यो, रोजगारी सिर्जनाका क्षेत्रमा क्रियाशीलता देखाउन सक्थ्यो, उद्यम शीलतालाई प्रवर्द्धन गर्न सक्थ्यो। त्यस्तो देखिएन। राज्यका निकायमा सुशासन कायम गर्न सक्नुपर्थ्यो, सार्वजनिक क्षेत्रमा सहज सेवाप्रवाहसहित भ्रष्टाचारमुक्त र जनमुखी प्रशासन चलाउनुपर्थ्यो।

सरकारका कामहरु पारदर्शी र जनउत्तरदायी हुन सक्नुपर्थ्यो। तर, राज्य र राजनीतिक दलको चरित्र यी सबैको ठीक उल्टो दिशामा थियो। फलतः बेरोजगारी, महँगी, आर्थिक असमानता, भ्रष्टाचार, स्वेच्छाचारी शासनका कारण बढ्दै गएको जन आक्रोश जेनजी नवयुवाको पहलमा उम्लियो र त्यसले बानेश्वर विद्रोहको रुप लिएको हो।

नवयुवाको आह्वानमा सुरु भएको विद्रोहलाई आफ्नो स्वार्थको अनुकूलता मा ढाल्न प्रतिगामी शक्ति, संसदमा प्रतिनिधित्व गर्ने परम्परावादी पार्टी र कतिपय बाह्य शक्तिले समेत पन्जा घुसाउन खोजेको तथ्य विभिन्न सूचनाले पुष्टि गर्दै गएका छन्। तर, यी घुसपैठका प्रयत्न कारक थिएनन्, परिणति थिए।

नेपाल राज्यमा राणा कालदेखि ठूल्ठूला षड्यन्त्र र रहस्यमै रहेका 'हत्या काण्ड' हुँदै आएको इतिहास छ। त्यसले 'षड्यन्त्रको सिद्धान्त'मा विश्वास गर्ने पंक्ति यहाँ छ्यास्छ्यास्ती पाइन्छन्। तर, भदौ २३-२४ को विद्रोह निम्नमध्यम, मध्यम वर्गकाका नेपाली नवयुवाको राज्यविरुद्धको आक्रोश मुख्य हो। यसको कारक भ्रष्ट परिपाटीभित्र खोज्नुपर्छ, षडयन्त्रका सिद्धान्त भित्र होइन।

विद्रोहको मुख्य सीमा थियो- सुसङ्गठित पहलकदमी नहुनु, दीर्घकालिक र सुविचारित लक्ष्य नहुनु र सुदृढ नेतृत्व नहुनु। यही सीमाका कारण यसको परिणति प्रणालीगत परिवर्तनसम्म पुग्न सक्दैनथ्यो। सकेन। सुसङ्गठित र सुविचारित नभएकै कारण यो उभारले दमनकारी सरकार बदल्यो, राज्य बदल्ने बाटो भेटेन। पात्रहरु पल्ट्याइदियो, तर प्रणालीका बाधाहरु पल्टाएन।

भ्रष्ट पार्टीहरुलाई छेउ लगाइदियो, तर प्रवृत्ति सुधार्ने खाका दिएन। एकथरी शासकहरु लखेट्यो, तर शासनको नयाँ रुप खोजेन। यो विद्रोहपछि तीन वटा असफलता सतहमा खुलस्त उद्घाटित भएका छन्: १. विद्यमान राजनीतिक व्यवस्था चरम सङ्कटमा छ, नाजुक छ, २. व्यवस्थाका 'पहरेदार' दलहरु सङ्कट टार्न असफल छन्, विघटित हालतमा छन्, र ३. 'वैकल्पिक' र नयाँ भनिएका सङ्गठनहरुको भूमिका अपर्याप्त र अस्पष्ट छ।

अहिलेको अवस्था के छ ?

नेपाली राजनीतिमा लोकतन्त्र स्थापनाका लागि चलेको लडाइँको पहिलो अध्याय सकिएको छ र हामी २०७२ सालको संविधान निर्माण सँगसँगै इतिहासको नयाँ अध्यायमा छौं। नेपाली जनताले लोकतान्त्रिक राज्य र समाजको खोजी सुरु गरेको झण्डै एक शताब्दीअघि हो। इस्वी संवत्को बिसौं शताब्दीको चौथो दशक (सन् १९३०) आसपासमा काठमाडौं उपत्यकाभित्रको बौद्धिक नागरिक (त्यस समयका प्रजा) पंक्तिमा राजनीतिक जागरण सुरु भएको थियो। प्रचण्ड गोरखा, प्रजा परिषद, नागरिक अधिकार समिति लगायतका थुप्रै राजनीतिक प्रकृतिका सङ्गठन गठनको पृष्ठभूमिमा १९९७ सालको सहिद पर्व भयो।

त्यसपश्चात् क्रमशः नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी आदि स्थापित भए र अन्ततः २००७ सालमा राणशाहीको अन्त्य र पुँजीवादी प्रजातन्त्रको सुरुवाती स्थापना भयो। त्यसयता २०३६, २०४६, २०५२-६२, २०६२-०६३ का पटकपटकका आन्दोलन र विद्रोहले पुँजीवादी लोकतन्त्रकै विस्तार गरेका हुन्, जुन २०७२ को संविधान निर्माणमा बिट मारिएको थियो। लोकतन्त्र स्थापनाको पौने शताब्दी लामो यो पहिलो चक्रको समीक्षा गर्ने र नयाँ अध्यायको थालनी गर्ने दायित्व नवयुवासहित आजका राजनीतिकर्मीका काँधमा छ। २३-२४ भदौको बानेश्वर विद्रोहले नेपालको समग्र लोकतान्त्रिक राजनीतिक आन्दोलनको समीक्षासहित दोस्रो अध्यायको थालनी गर्नुपर्ने आवश्यकतालाई नै पुनर्पुष्टि गरेको छ। यो विद्रोहले औपचारिक लोकतन्त्र मात्रै होइन, सुशासनको प्रत्याभूति खोजेको छ।

अहिले मुलुकको राजनीति अत्यन्तै तरल अवस्थामा छ। अनिश्चय समाजको मूलप्रवृत्ति जस्तो देखिन्छ। अन्त्यमा खास गरेर पुँजीपति वर्ग र गरिखाने वर्ग (धयचपप्लन अविककक) को टकराव छ तर राजनीतिक सतहमा मुख्य तीन प्रवृत्ति क्रियाशील छन्। पहिलो प्रवृत्ति, पुरातनवादी शक्ति, जो राजतन्त्र पुनर्स्थापना, हिन्दु राज्य स्थापना, सङ्घीयताको खारेजी जस्ता नाराहरु दिन्छ। दोस्रो प्रवृत्ति, परम्परावादी

बांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लागि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरंगको धनपालथान गाउँपालिका वडा नं. १ मा रहेका मन्दिरहरूको परिचय

श्याम सुन्दर सुतिहार

### १. श्री राधाकृष्ण मन्दिर गडेरिया

धनपालथान गाउँपालिका वडा नं. १ को कार्यालय नोचादेखि करिब ३ किलोमिटर दक्षिण पश्चिममा



गडेरिया टोलमा सडकको पूर्वतिर टाँसिएर राधाकृष्ण मन्दिर रहेको छ । विधिवतरूपमा जिल्ला प्रशासन कार्यालय मोरङबाट २०६७ सालमा (दर्ता नं. २४०९) दर्ता भई श्री राधाकृष्ण मन्दिर व्यवस्थापन समिति गठन भएको देखिन्छ । तर यसमन्दिरको स्थापनाभने ३०/३५ वर्ष पहिले नै भएको स्थानीयहरू बताउँछन् ।

यस मन्दिरको बारेमा स्थानीय ७५ वर्षिय जितनलाल मण्डल ( केवरत) ले एउटा अनौठो कथा सुनाए । मण्डलका अनुसार त्यसगाउँमा कुनै मन्दिर थिएन । त्यहाँका युवाहरु रोजगारीको सिलसिलामा भारतको पंजाब गएका थिए । युवाहरुले गाउँमामन्दिरको अभाव महसुस गरी पंजावमा नै भारतीय रुपियाँ १ हजार ५ सयको कोष खडा गरेछन् । तीयुवाहरु जब घर आए तब गाउँ समाजलाई बसाएर आफूहरूले मन्दिर बनाउन कोष खडा गरेको भनी सुनाए । त्यो कुरो बताएपछि गाउँसमाज मिलेर एउटा ऐलानी खाल्डो जमिनलाई पुरेर राधाकृष्ण मन्दिर बनाउने निर्णय गरे । त्यही भरतीय रूपैयाँ १ हजार ५ सयको कोषबाट मन्दिर बनाउन शुरुवात गरिएको भएपनि अहिलेसम्म निर्माणाधीन अवस्थामा रहेको छ । बनिसकेको छैन ।

करिब १० धुर ऐलानी जग्गामा बनेको राधाकृष्ण मन्दिरको पश्चिम र उत्तरमा बाटो रहेको छ । मन्दिरको बीचमा राधाकृष्ण विराजमान भएको मूर्ति स्थापनागरिएको छ । चारैतिर घुम्ने बरण्डा राखिएको छ । बरण्डालाई समेत फलामको गृलले घेरिएको छ । माथिमन्दिरकै आकारमागुम्बज राखिएको छ ।

समाजको चन्दा सहयोगबाट प्रत्येक वर्ष कृष्ण जन्माष्टमीका दिन भव्य रूपमा पूजा गरिनुका साथै मेला पनि लाग्ने गर्दछ । मन्दिरमा विगत ९ वर्षदेखि पुजारी जितेन्दर मण्डल केवरतले बिहानबेलुका समेत पूजागर्दै आएका छन् । अहिले पनिमन्दिर मा धेरै कामगर्न बाँकी रहेकोले समाजको सहयोग आवश्यक रहेको पुजारी बताउँछन् ।

राधाकृष्ण मन्दिरमा गाउँ समाजमा बसोबास गर्ने केबरत, ऋषिदेव, गनगाई, सोनार, नुनियाँ लगायतका सुमदायहरू दिनहुँ पूजापाठ गर्न आउने गर्दछन् । मन्दिरमा गरेको भाकल समेत पूरा हुने गरेको स्थानीय त्रिभुवनविश्वासले बताए ।

को हुन राधाकृष्ण ?

श्री राधाकृष्ण भगवान श्री कृष्ण हिन्दू धर्मका एक प्रमुख देवता हुन् । जसलाई विष्णुको अवतार मानिन्छ । राधाकृष्णकी परम प्रेमिका तथा गापिनी थिईन् । उनीहरुका प्रम कहानी हिन्दू धर्म, विशेष गरी वैष्णव सम्प्रदायमा, अतिश्रद्धा र भक्तिभावले लिईन्छ ।

कृष्णको जन्म मधुरामा भएको थियो । तर उनका मामा कंशको अत्याचारका कारण उनर्ला गोपाल नन्दबाबा र यशोदामाताले गोकुलमा पालन पोषण गरेका थिए । बाल्इकाल देखि नै कृष्ण गोप बालकहरु सँग रमाउने, माखन चोरी गर्ने, वंशी बजाउने र गोपिनीहरुसंग रासलीला गर्ने गर्थे ।

राधा वृन्दावनकी एक सुन्दरी गोपिनी थिईन् । उनी र कृष्णबीच गहिरो आध्यात्मिक प्रेम थियो । उनीहरुको प्रेम सांसारिक सम्बन्ध भन्दा परको थियो । जसमा भक्ति, समर्पण र दिव्यता थियो । राधाकृष्णको प्रेमलाई अत्यन्त पवित्र मानिन्छ । यद्यपि उनीहरु विवाह बन्धनमा बाँधिएनन् । यस बारेमा विभिन्न उक्तहरु छन् ।

कृष्णको जीवनको उद्देश्य धर्म स्थापना गर्नु थियो । जसका लागि उनले अनेक कार्यहरु गर्नुपऱ्यो । कृणले पछि रुक्मिणी, सत्भामा र अन्य रानीहरुसंग गरे, किन कि उनी क्षेत्रिय राजा थिए ।

राधाकृष्णको भक्ति विशेष गरी वैष्णव परम्परामा महत्वपूर्ण छ । विशेषगरी इस्कोन (हरे कृष्ण आन्दोलन) मा राधा-कृष्णको आधाधना गरिन्छ । भारतको वृन्दावन, मधुथा र बाँके विहारी मन्दिरहरु उनीहरु मास समर्पित छन्

### २. दिना-भद्री मन्दिर गडेरिया

धनपालथान गाउँपालिका वडा नं. १ गडेरिया टोलमा सडक को दक्षिणपट्टि दिनाभद्री मन्दिर ( थान) रहेको छ । बाँस, कर्ची, परालले बनेको दिनाभद्री मन्दिर करिब १५ वर्ष पहिले स्थापना भएको स्थानीय जानकी देवी ऋषिदेवले बताइन । मन्दिरमा वर्षको एक पटक गाउँलेहरूको



सहयोगमा भव्यताका साथ फलफूल, मिठाई, पान, सुपाडी लगायतका सामग्रीहरुले पूजाहुने गरेको छ ।

नेपाल सरकारको ऐलानी जग्गामा बनेको दिनाभद्री मन्दिर (स्थान) मा छोराछोरीको विवाह गर्ने बेलामा समेत पूजापाठ गर्ने चलन छ । वर्ष भरि मानिने पर्वहरुमा समेत धुप, अगरबत्ती, मिठाई, फलफूललिएर पूजापाठ गर्ने गरेको स्थानीयवर्ष ३० की बुधनी ऋषिदेवले बताइन् ।

को हुन दिना भद्री

दिना र भद्री तराई मधेश क्षेत्रमा बसोवास गर्ने मुसहर समुदायका कुल देवताको रुपमा मानिन्छन् । दिनाभद्री दाजु-भाईनै समाजमा अन्याय र अत्याचारको विरुद्ध लड्ने वीर मुसहर योद्धाका रुपमा प्रसिद्ध छन् ।

दिना र भद्रीको जन्म नेपालको सप्तरी जल्लाको जोगिया गाउँमा भएको मानिन्छ । उनीहरुका पिता कालु सदा र माता निरसो थिइन् । दिना र भद्री दुवै बाल्यकाल देखि नै वीर र सहासी थिए । उनीहरुको विवाह बरहा गाउँका फुकन सदाकी छोरीहरुसंग भएको थियो । दिनाकी पत्नी रोदना र भद्रीकी पत्नी सुधना थिईन् ।

दिना-भद्री दाजुभाईले समाजमा व्याप्त शोषण, अत्याचार र सामन्तवादको विरुद्ध संघर्ष गरी मुसहर समुदायलाई अन्यायको विरुद्ध उठ्न प्रेरित गरेर स्वाभिमान पूर्वक बाँच्न सिकाएका थिए ।

समाजमा रहेको जवर राय राक्षस (जमिन्दार) मुसहर समुदाय माथि धेरै अत्याचार गरेका थिए । ती जमिनदाले मुसहर समुदायलाई काम मात्र गराउँथे खान दिदैनथ्यो । त्यसमाथि कुटपिट समेत गर्दथे । ती राक्षसलाई दिना-भद्री दाजुभाईले मारे । सोही वेलादेखि दिनाभद्री दाजुभाईको पूजापाठ हुँदै आएको छ ।

मुसहर समुदायमा दिना-भद्रीलाई कुलदेवता मानिन्छ । उनीहरुको सम्मानमा नेपाल र भारतका विभिन्न स्थानमा मन्दिरहरु स्थापना भएका छन् । विशेष गरी चैत महिनामा दिन दिनाभद्रीको जन्मोत्सव ममानइन्छ । त्यस बेला मुसहर समुदायका मानिसहरुले सामूहिक रुपमा पूजा र उत्सव आयोजना गर्छन ।

ट्राफिक नियमको पालना गरौ ।
सडक सुशासन कायम गरौं ।।

# लागुऔषध ब्राउन सुगर सहित ७ जना पक्राउ

विराटनगर । झापा र मोरङबाट लागू औषध ब्राउन सुगर र प्रतिबन्धित औषधी सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

कार्तिक २० गते बिहीवार झापाको मेचीनगर नगरपालिका-६ स्थितबाट लागू औषध नियन्त्रण ब्यूरो काँकरभिट्टाको प्रहरी टोलीले चेकजाँचको क्रममा दमक नगरपालिका-५ का ३१ बर्षीय राजु श्रेष्ठलाई ४५ ग्राम ९३० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी लागू औषध नियन्त्रण ब्युरो विराटनगरले को. ४ प ७४२ नम्बरको मोटरसाईकल चालक सुन्दरहरैचा- १० का २८ बर्षीय शुसान्त पोखरेल र पछाडि सवार सुन्दरहरैचा-९ का ३८ बर्षीय चेवन धिमाललाई ११ ग्राम २२ मिलिग्राम ब्राउन सुगर सहित विराटनगर-१६ बाट पक्राउ गरेको थियो ।

त्यस्तै झापाको भद्रपुर- ५ बाट वडा प्रहरी कार्यालय भद्रपुरले भद्रपुर- ४ का ३० बर्षीय पुरण बिश्वकर्मालाई २ ग्राम १३० मिलिग्राम ब्राउन सुगर सहित र प्रहरी चौकी चारआलीले मेचीनगर- १३ बाट प्रतिबन्धित औषधी लोरी १६० ट्याब्लेट र ट्रामाडोल ६० ट्याब्लेट सहित मेचीनगर-३ का ३० बर्षीय प्रशान्त सेन्चुरीलाई नियन्त्रणमा लिएको थियो ।

झापाको भद्रपुर नगरपालिका-५ स्थितबाट लागू औषध ब्राउन सुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । कार्तिक २१ गते वडा प्रहरी कार्यालय भद्रपुरबाट चेक जाँचमा खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका- ७ का २६ बर्षीय बिशाल माझीलाई ३ ग्राम ६०० मिलिग्राम र बिर्तामोड नगरपालिका- १० का २२ बर्षीय रोहित कटुवाललाई १ ग्राम १११ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको थियो ।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको प्रहरीले जनाएकोछ ।

# प्रतिबन्धित लागु औषध सहित चार पक्राउ

विराटनगर । मोरङ बिराटनगर महानगरपालिका-५ पुलचोक नजिकबाट लागूऔषध खैरो हिरोइन सहित २ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

हुलाकी सडक छेउमा लागू औषध नियन्त्रण व्युरो विराटनगर एवं जिल्ला प्रहरी कार्यालय, मोरङ समेतबाट खटिएको प्रहरी टोलीले बीआर ५० एडी ०२२७ नं. को स्कुटरमा बसिरहेका जिल्ला सुनसरी देवानगंज गाउँपालिका वडा नं. २ बस्ने बिबेकानन्द यादबको छोरा बर्ष १९ को बिकाश कुमार यादब, देश भारत बिहार पुर्णिया जिल्ला भवानिपुर बस्ने अशोक मेहताको छोरा बर्ष १९ को कृष्ण कुमार मेहतालाई शंका लागी चेक जाँच गर्दा कृष्ण कुमार मेहताको साथबा लागू औषध खैरो हिरोईन जस्तो देखिने पदार्थ बरामद भएको थियो ।

५३.१७ ग्राम फेला परेको लागुऔषध र दुबैलाई स्कुटर सहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय, मोरङमा ल्याई थप आवश्यक अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएकोछ ।

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

# रेमिटेन्सको भरमा टेको पाएको अर्थतन्त्र

**रमेश कुमार बोहोरा**



रमेश कुमार बोहोरा

नेपाल राष्ट्र बैंकका पछिल्ला तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०८२/०८३ को पहिलो दुई महिनामा (साउन र भदौ) रेमिटेन्समार्फत नेपालमा ३ खर्ब ५२ अर्ब ८ करोड रुपैयाँ भित्रिएको छ। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३३.१ प्रतिशतले वृद्धि भएको हो। सोही अवधिमा मुलुकको विदेशी विनिमय सञ्चिति पनि ७.६ प्रतिशतले बढेर २८ खर्ब ८१ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ। राष्ट्र बैंकका अनुसार हालको विदेशी मुद्रा सञ्चिति १९.७ महिनासम्मको वस्तु आयात र १६ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। यी तथ्यांकहरूले स्पष्ट गर्छन् नेपालको आर्थिक रक्तसञ्चार अहिले रेमिटेन्सकै भरमा चलिरहेको छ।

तर यति ठूलो रकमले पनि देशलाई दिगो आर्थिक मार्गमा लैजान सकेको छैन। सरकार र नीति-निर्माताले रेमिटेन्सलाई योजनाबद्ध रूपमा उत्पादनमुखी क्षेत्रमा प्रवाहित गर्न नसक्दा यसको प्रभाव अस्थायी राहतमा सीमित भएको छ। नेपालको अर्थतन्त्र अझै पनि उद्योग होइन वैदेशिक श्रममा निर्भर छ। कृषि क्षेत्रमा सुधारका प्रयास भए पनि व्यावसायिक कृषि विस्तार हुन सकेको छैन। हजारौँ युवाहरू उत्पादनभन्दा वैदेशिक रोजगारीमा आकर्षित भइरहेका छन्। श्रमशक्ति पलायन बढ्दै जाँदा रेमिटेन्सको मात्रा त बढेको छ तर देशको उत्पादनशीलता घट्दै गएको छ।

रेमिटेन्सले व्यक्तिगत जीवनमा उल्लेखनीय परिवर्तन ल्याएको छ घर चल्छ, शिक्षा र स्वास्थ्यमा पहुँच बढेको छ, बैंक खातामा पैसा जम्मा हुन्छ। तर यही रकम उपभोगमा बढी खर्च हुँदा उत्पादनमुखी लगानीमा रोक लागेको छ। अहिले पनि रेमिटेन्सको ठूलो हिस्सा घर निर्माण, उपभोग्य वस्तु खरिद र आयातमा खर्च हुन्छ। यसको परिणामस्वरूप कृषि उत्पादन घट्दै गएको छ गाउँहरू बाँझा बन्दै गएका छन् र देशको आत्मनिर्भरता कमजोर बन्दै गएको छ। वैदेशिक मुद्रा सञ्चिति बढे पनि त्यसले दीर्घकालीन आर्थिक शक्ति निर्माण गर्न सकेको छैन।

रेमिटेन्सले व्यापार घाटा सन्तुलनमा टेको दिएको छ भुक्तानी सन्तुलनमा राहत दिएको छ र विदेशी विनिमय बजारलाई स्थिर राखेको छ। तर अर्थशास्त्रीहरू चेतावनी दिन्छन् यो दीर्घकालीन समाधान होइन। राष्ट्र बैंकका पूर्व गभर्नरहरू भन्छन् "रेमिटेन्सले देशलाई बचाउँछ, तर उठाउँदैन।" उत्पादन र रोजगारी सिर्जना नगरी रेमिटेन्समा निर्भर रहँदा मुलुकको विकासको आधार नै हल्लिएको छ। कोभिड-१९ महामारीका बेला रेमिटेन्स घट्नेबित्तिकै अर्थतन्त्र कस्तो संकटमा पर्यो भन्ने उदाहरण अझै ताजै छ। बैंक निक्षेप घटे, राजस्व संकलनमा कमी आयो र सरकारले बजेट सञ्चालनमै कठिनाइ भोग्यो।

नेपालको श्रम निर्यातको स्वरूप हेर्ने हो भने यो एक किसिमको "मानव संसाधन व्यापार" बनेको छ। औद्योगिक वस्तु वा प्रविधि बेच्ने सट्टा हामी आफ्ना युवाहरू बेच्दैछौं। दक्षिण कोरियाले १९७० को दशकमा श्रम निर्यातबाट कमाएको पूँजीलाई घरेलु औद्योगीकरणमा लगायो र आज विश्वको अग्रणी अर्थतन्त्रमध्ये एक बनेको छ। नेपालमा त्यस्तो सोच विकास हुन सकेको छैन। यहाँ रेमिटेन्सलाई उपभोगमा प्रयोग गरिन्छ उत्पादनमा होइन। परिणामतः हामीले रेमिटेन्सलाई विकासको माध्यम होइन अस्तित्वको टेको बनाएका छौं।

नेपालका अधिकांश कामदारहरू खाडी मुलुकहरूमा छन्। ती देशहरूबाट आउने रकमले नेपाललाई स्थायित्व दिएको छ त्यसकै पछाडि हजारौं दुःखद कथा लुकेका छन्। वैदेशिक रोजगार विभागका अनुसार हरेक वर्ष १,२०० भन्दा बढी नेपाली कामदार विदेशमा मृत्यु हुन्छ। कामको जोखिम, स्वास्थ्य समस्या, मानसिक तनाव र कानुनी असुरक्षाले उनीहरूको जीवन कष्टकर बनाएको छ। अनौपचारिक रूपमा जानेहरूको मृत्यु वा हराइने तथ्यांक अझै भयावह छ। जसको अभिलेख पनि छैन। फिलिपिन्स, बंगलादेश र भारतले श्रमिक सुरक्षाका लागि गन्तव्य मुलुकहरूसँग ठोस सम्झौता गरेका छन् नेपालले यस्ता सम्झौतामा ढिलाइ गर्दै आएको छ। सरकारले दर्जनौं मुलुक रोजगारीका लागि खोले पनि श्रम सम्झौता गिन्तीका देशसँग मात्र गरेको छ जसले श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्न असफल बनाएको छ।

यति धेरै रकम रेमिटेन्सका रूपमा भित्रिँदा पनि यसको सदुपयोगको सवाल अझै अनुत्तरित छ। बैंक तथा वित्तीय संस्थामा जम्मा हुने विदेशी मुद्रा प्रायः उपभोगमुखी क्षेत्रमा जान्छ उत्पादनमुखी क्षेत्रमा होइन। उदाहरणका लागि कर्जा सुविधा व्यवसाय वा उद्योगमा भन्दा व्यक्तिगत उपभोगतर्फ बढी प्रवाहित हुन्छ। सरकारले वैदेशिक रोजगारीबाट फर्किएका कामदारका लागि लगानी प्रोत्साहन कार्यक्रम ल्याउने घोषणा त गरेको थियो तर त्यो कार्यान्वयनमै आएको छैन। विदेशबाट फर्किएका सीपयुक्त युवाहरूलाई उद्यमशीलतामा जोड्ने प्रयासको पनि गम्भीर कमी छ। जसका कारण विदेश गएका युवाहरू फर्किएपछि पनि उत्पादनमा योगदान गर्न सक्दैनन्।

रेमिटेन्समा आधारित अर्थतन्त्रको अर्को गम्भीर असर कृषि क्षेत्रमा देखिएको छ। जब परिवारको आय विदेशबाट आउँछ गाउँमा बाँकी परिवार खेतीपातीप्रति उदासीन हुन्छ। अहिले नेपालले वार्षिक दुई खर्ब रुपैयाँभन्दा बढीको कृषि सामग्री आयात गर्छ। खाद्यान्नदेखि पशुपालनका वस्तुहरूसम्म यसले रेमिटेन्सको विडम्बना देखाउँछ देशमा पैसा त छ तर उत्पादन छैन पैसा विदेशबाट आउँछ तर त्यसले आयातमा निर्भरता बढाउँछ। यिनै कारणले नेपालमा आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन सकेको छैन।

अर्थतन्त्रका विश्लेषकहरूका अनुसार रेमिटेन्सले सरकारले राजस्व लक्ष्य भेट्न सहज बनाएको छ। किनभने उपभोग बढेपछि आयात बढ्छ आयात बढेपछि भन्सार महसुल बढ्छ। तर यही भ्रममा सरकारले संरचनागत सुधारका विषय बेवास्ता गरेको छ। राजस्व बढेको देखाएर सरकारले अर्थतन्त्र सुदृढ भएको भ्रम फैलाएको छ। वास्तविक उत्पादन र रोजगारीको अवस्था भने दिनप्रतिदिन कमजोर बन्दै गएको छ। यसले दीर्घकालमा अर्थतन्त्रलाई थप असन्तुलित बनाउने खतरा छ।

नेपालको समस्या केवल रेमिटेन्स निर्भरता होइन नीतिगत अस्थिरता पनि हो। सरकार परिवर्तनसँगै आर्थिक नीतिमा निरन्तरता हराउँछ। लगानी वातावरण असुरक्षित हुन्छ उद्योगी-व्यवसायी सरकारप्रति संशय गर्छन्। निजी क्षेत्र र सरकारबीच सहकार्यको अभावले रेमिटेन्सको धन उत्पादनमुखी क्षेत्रमा प्रवाहित हुन सकेको छैन। निजी क्षेत्र सरकारप्रति आशावादी रहन्छ तर सरकार निजी क्षेत्रप्रति अविश्वास राख्छ फलस्वरूप सहकार्यको कमीले रेमिटेन्सको धन निष्क्रिय रहन्छ।

अबको आवश्यकता स्पष्ट छ रेमिटेन्सको वैकल्पिक उपयोग र स्वदेशी उत्पादनको सुदृढीकरण सरकारले कृषि, उद्योग, पर्यटन र प्रविधि क्षेत्रमा दीर्घकालीन लगानी योजना बनाउनुपर्छ। विदेशबाट फर्किएका युवाहरूका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम, सीप पुनर्स्थापन केन्द्र र सहुलियत ऋण योजना अनिवार्य रूपमा लागू गर्नुपर्छ। यस्ता कार्यक्रमले मात्र रेमिटेन्सलाई उत्पादनमुखी क्षेत्रमा प्रवाहित गर्न सक्छन्। अन्यथा रेमिटेन्सले मुलुकलाई स्थायित्व होइन निर्भरता मात्र बढाउँछ।

रेमिटेन्सले अर्थतन्त्रलाई तत्काल राहत त दिएको छ। त्यसकै भरमा समृद्धि सम्भव छैन। जब उत्पादनमुखी अर्थतन्त्र विकास हुन्छ तब मात्र रेमिटेन्स सहायक स्रोत बन्न सक्छ। रेमिटेन्सले आम्दानी बढाएको छ तर यसले असमानता पनि बढाएको छ। सहरमा उपभोग बढेको छ गाउँका खेत बाँझिएका छन् र युवाहरू विदेशिएका छन्। यस्तो अर्थतन्त्र कहिल्यै आत्मनिर्भर हुन सक्दैन।

अब नीति निर्माताले बुझ्नुपर्ने समय आएको छ। रेमिटेन्स राहत हो समाधान होइन यसले देशलाई केही समयका लागि जोगाउन सक्छ तर दीर्घकालमा बचाउन सक्दैन दिगो अर्थतन्त्र निर्माणका लागि राजनीतिक स्थायित्व, प्रशासनिक व्यावसायिकता र लगानीमैत्री वातावरण अपरिहार्य छ। वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको श्रम र सीपको मूल्य स्वदेशमै उपयोग गर्न सकिएन भने देश सदैव परनिर्भर रहिरहनेछ।

विदेशमा पसिना बगाउने नेपालीहरूका कारण देश चलिरहेको छ। उनीहरूकै भविष्य अनिश्चित छ। सरकार र समाजले अब उनीहरूको योगदानलाई केवल रकमको रूपमा होइन सीप र अनुभवको रूपमा मूल्यांकन गर्नुपर्छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उत्पादनमा जोड्ने नीति निर्माण गरिएन भने रेमिटेन्स घट्नेबित्तिकै देशको अर्थतन्त्र धरासायी हुनेछ। अब समय आएको छ। रेमिटेन्सलाई उपभोग होइन उत्पादनको आधार बनाउन जब युवाको श्रम स्वदेशमै उपयोग हुनेछ तब मात्र आत्मनिर्भर र समृद्ध नेपालको सपना साकार हुनेछ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)




# अपने किचन गार्डन में ऐसे पौधे जरूर लगाएँ

अपने किचन गार्डन में ऐसे पौधे ज़रूर लगाएँ जो न सिर्फ खाने का स्वाद और सुगंध बढ़ाएँ, बल्कि सेहत के लिए भी बेहद फायदेमंद हों। और सबसे अच्छी बात, इन्हें आपको बाज़ार से खरीदने की ज़रूरत भी नहीं पड़ेगी। ये पौधे बहुत कम जगह और देखभाल में आसानी से उगाए जा सकते हैं।

१. अजवाइन पत्ता

यह एक सुगंधित और औषधीय पौधा है, जो सर्दी, खांसी और पाचन की गड़बड़ी में राहत देता है। इसके पत्तों को आप चाय, काढ़ा या सब्ज़ी में इस्तेमाल कर सकते हैं। इसे छायादार जगह पर रखें और मिट्टी को हल्का नरम बनाए रखें।




२. कढ़ी पत्ता

कढ़ी पत्ता हर मानवीय रसोई का अहम हिस्सा हैं। यह न सिर्फ भोजन में सुगंध बढ़ाता है, बल्कि बालों के झड़ने, पाचन संबंधी समस्या और ब्लड शुगर को नियंत्रित करने में भी मदद करता है। इसे धूप वाली जगह पर लगाएँ और हल्की नमी बनाए रखें। हर महीने एक मुट्ठी गोबर की खाद डालें, पौधा हरा-भरा रहेगा।

३. धनिया

धनिया हमारे रोज़मर्रा के भोजन में स्वाद और खुशबू दोनों जोड़ता है। इसके बीजों को ६-८ घंटे पानी में भिगोकर १०-१२ इंच के गमले में बोएं और हल्की धूप में रखें।

४. पुदीना

पुदीना गर्मियों में ठंडक देने वाला, एंटी-बैक्टीरियल और डिटॉक्सिफाइंग गुणों वाला पौधा है। इसे आप चाय, रायता, स्मूदी, सलाद या सूप में इस्तेमाल कर सकते हैं। हल्की धूप और नियमित नमी रखने से यह तेजी से फैलता है।

- अगर इन चार पौधों को अपने किचन गार्डन में उगाएँगे तो आपकी रसोई न केवल सुगंधित होगी, बल्कि हमेशा ताज़े और ऑर्गेनिक पत्तों से भरी रहेगी। साथ ही, ये पौधे आपके घर की सुंदरता और वातावरण की शुद्धता भी बढ़ाएँगे।



# माटोको विभिन्न किसिमको भाडा बनाउने कुम्हार जातिको पेशा संकटमा

**पदमकुमार सरदार**

विराटनगर। माटोको भाडा बनाई आफ्नो जीविकोपार्जन गर्ने तराई मधेशका कुम्हार जातिको पेशा संकटमा परेको छ। उनीहरुले माटोको विभिन्न किसिमको भाडा वनाउँछन् तर बजार नपाउँदा पेशा नै संकटमा परी आत्म निर्भर हुन सकिरहेको छैन्।



सुनसरी स्थित हरिनगरा गाउँपालिका-४ कुम्हार टोलका कुम्हार समूदायका पुलकीत पण्डित, नसिबलाल पण्डित, र रामकुमार पण्डित वर्षौदेखि माटोबाट गाग्री, डण्डी, कलश, दियो, बालबालिकाले खेल्ने खेलौना लगायत विभिन्न किसिमका भाँडाको सामग्री बनाएर विक्रि गर्दै आए पनि पूर्णरुपमा आत्मनिर्भर हुन सकेका छैनन्। उनीहरुले उत्पादन गरेका विभिन्न भाँडाको सामग्रीले उचित बजार पाउन नसकेको वताउँछन्।

कुम्हारहरू नेपालमा पिछडा वर्गमा पर्ने जाति हो, जुन परम्परागत रूपमा आफ्नो माटोको भाँडा बनाउने सीपका लागि परिचित छन्। तर वर्षौ देखि कुम्हार (पण्डित) समुदायका व्यक्तिहरु राज्यको मुल प्रबाहाबाट बाहिर छन्। उनीहरु सामाजिक, आर्थिक र राजनीतिक रुपमा पनि पछि परेका छन्। सोही समूदायका पुलकीत पण्डित, नसिबलाल पण्डित, र रामकुमार पण्डित वर्षौदेखि माटोबाटको गाग्री लगायत विभिन्न भाँडाको सामग्री बनाएर जसोतसो जिविको पार्जन गर्दै आइरहेका छन्।

उनीहरु त प्रतिनिधि पात्र माह हुन उनीहरु जस्तो सयौं मानिसहरुले यही पेसाबाट जिविकोपार्जन गर्दै आईरहेका छन्। कुम्हार समूदायका मानिसहरु माटोबाट बनेको गाग्री लगायत विभिन्न भाँडाहरु बनाएको सामग्रीहरु सहरको विभिन्न स्थानहरुमा लगेर बेचविखन गर्छन। तर अहिले बजारमा प्लाष्टिक, अलमुनियम र स्टीलबाट बनेका सामग्रीका कारण मारमा परेको नसिबलाल पण्डितको भनाई छ।

उनीहरुले उत्पादन गरेको गाग्री लगायत विभिन्न भाँडाको सामग्री सरकारले कुनै पनि स्थानीय उत्पादन लाई प्राथमिकतामा राखेको छैन। जसले गर्दा उनीहरुले वर्षौदेखि गर्दै आएको पुर्खोली पेसा लोप हुने सम्भावन बढेको छ। कुम्हार जातिले परम्परागत रुपमा माटोको दियोलगायत विभिन्न भाँडा बनाएको सामग्रीहरुलाई सरकारले बजार व्यवस्थापन र लगानी नगरेका कारण माटोबाट बनाउने भाँडाका विभिन्न सामग्री उत्पादन गर्न समस्या सृजनाभएको अर्का ब्यवसायी पुलकीत पण्डित र रामकुमार पण्डितको भनाई छ।

कुम्हार जातिले पुस्तो पुस्तादेखि गर्दै आएको पेसा अहिले ओझेलमा पर्नथालेको छ। सरकारले जातिय उत्थानको नाममा लाखौं रुपैयाँ विनियोजन गरेको हुन्छ। तर कुम्हार समूदायको पेसालाई आत्मनिर्भर बनाउनका लागि बजेट विनियोजन हुँदैन। उनीहरुको नाममा विभिन्न संघ संस्थाहरुले कार्यक्रमहरु गरे पनि उनीहरुको पहुँचमा पुग्दैन।

आधुनिकीकरण र आर्थिक परिवर्तनका चुनौतीहरूको सामना गर्नुपर्दा पनि, कुम्हार समुदायले आफ्नो सांस्कृतिक सम्पदा संरक्षण गर्दै आएको पाईन्छ। तर राज्यको भने उपस्थिति देखिदैन्। उनीहरुले उत्पादन गरेको सामग्रीको बजारीकरणमा स्थानीय सरकारले ध्यान दिएको खण्डमा यो सीपलाई आयआर्जनको माध्यम बनाउन सकिन्छ। र यही पेसाबाटै स्थानीयलाई आत्मनिर्भर पनि बनाउन सकिन्छ।

## एम्बुलेन्समा लैजादै गर्दा गाँजा सहित दुई पक्राउ

विराटनगर। जिल्ला मोरङ जहदा गाउँपालिका-३ हातिबन्दा स्थित एम्बुलेन्समा लैजादै गर्दा गाँजा सहित दुईजनालाई प्रहरीले पक्राउ गरेकोछ।

हातिबन्दा स्थित सडकमा उत्तरबाट दक्षिणतर्फ मोटर साइकलले स्कटिङ गरी जाँदै गरेको अवस्थामा स १ च ६५६ नं. एम्बुलेन्सलाई गोप्य सूचनाको आधारमा नियन्त्रणमा लिएको थियो।

लागू औषध नियन्त्रण ब्युरो, बिराटनगरर वडा प्रहरी कार्यालय, हाटखोलाबाट खटिएको संयुक्त प्रहरी टोलीले शंका लागी चेकजाँच गर्दा उक्त एम्बुलेन्समा दुई वटा कालोरंगको झोलामा लुकाई छिपाईराखेको अवस्थामा अबैध ला.औ. गाँजा ३३.६१० के.जी. फेला पारीएको थियो। एम्बुलेन्स चालक जि. मोरङ बिराटनगर महानगर पालिका वडा नं. ५ कोचाखल बस्ने वर्षको ३२ को दुर्गा प्रसादराजवंशीर एम्बुलेन्स स्कटिङ गरी गईरहेको को ३१ प ८८८९ नं. को मोटरसाईकल चालक जहदा गाउँपालिका वडा नं.०३ हातिबन्दा बस्ने बर्ष ३२ को दिलिप कुमारराजवंशी समेतलाई नियन्त्रणमा लिएको थियो।

पक्राउ परेकोहरूलाई इलाका प्रहरी कार्यालयरानीमा ल्याई अवश्यक थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएकोछ।

## प्रतिवन्धित लागुऔषध ट्यावलेट सहित चार पक्राउ

विराटनगर। मोरङ, धनकुटा र उदयपुरबाट प्रतिबन्धित औषध सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

कार्तिक २१ गते शुक्रवार मोरङको बेलबारी नगर पालिका-१ का ३२ बर्षीय बिज्ञान राईले आफ्नो घरमा



लागू औषध बिक्री बितरण गरिरहेको छ भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले राईलाई ट्रामाडोल ४७० चक्की, डिक्लो ४७० ट्याब्लेट र १८० ग्राम गाँजा सहित घरैबाट पक्राउ गरिएको थियो।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय धनकुटाले धनकुटा नगरपालिका-६ का तिलक भुजेल र मौसम राईलाई ट्रामाडोल ११० क्याप्सुल, स्पास्पेन ८६ ट्याब्लेट र डिकोलिक १८ ट्याब्लेट सहित सोहि स्थानबाट नियन्त्रणमा लिएको हो भने उदयपुरको कटारी नगरपालिका-४ का ३१ बर्षीय जित बहादुर थापा मगरलाई प्रतिबन्धित लागू औषध १९० ट्याब्लेट सहित इलाका प्रहरी कार्यालय कटहरीले पक्राउ गरेको थियो।

त्यसैगरी सोही दिन सुनसरीको बर्जु गाउँपालिका-५ स्थित भित्री सडक खण्डबाट लागू औषध गाँजा प्रहरीले बरामद गरेको थियो। इलाका प्रहरी कार्यालय दुहबी र इलाका प्रहरी कार्यालय सितागंजबाट खटिएको प्रहरी टोलीले बागमती प्रदेश-०१-०२७ च ०२४० नम्बरको स्कार्पियो गाडीबाट गाँजा २ सय ५७ किलो ४५ ग्राम बरामद गरिएको छ। उक्त गाडी चालकको खोजतलास तथा अनुसन्धान भइरहेको छ।

पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ।

## नवयुवा...

राजनीतिक पार्टीले प्रतिनिधित्व गर्छ, जो भर्खरै शासनसत्ताबाट बाहिर परेको छ। मूल नेतृत्व भ्रष्ट छ र जनताबाट तिरस्कृत छ तर यो प्रवृत्ति बढी सशक्त र सङ्गठित छ। तेस्रो प्रवृत्ति, यो प्रवृत्ति नवयुवा उभारको पक्षमा उभिन्छ। विकल्पको बाटो वा नयाँ बाटो खोज्दैछ तर बढी नै असङ्गठित छ। यसमा नवउदार वादीदेखि वाम वा समाजवादी सम्म छरिएका छन्। गरिखाने वर्ग (धयचपष्लन अबिकक) असङ्गठित ढङ्गले यही प्रवृत्ति वरपर छ, जसलाई पुराना प्रवृत्तिले पुन:सङ्गठित गर्न सक्दैन।

अब गर्नुपर्ने के हो ?

आज हामीलाई नयाँ राजनीतिक अभियान र नयाँ सङ्गठन (पार्टी) निर्माणको खाँचो छ, जसले विद्यमान व्यवस्थाको विकल्प दिन सकोस्, जसले आन्दोलनलाई सुन्दर भविष्यको दिशा दिन सकोस् ! नवयुवा विद्रोह भ्रष्टाचारका विरुद्धमा र सुशासनका पक्षमा थियो। भ्रष्टाचारको समूल अन्त्य र सुशासनको स्थापना पुँजीवादी प्रणालीको विकल्पमा पुगेर मात्रै हुन सम्भव छ।

त्यसलाई सम्भव पार्न सोच, शैली, सपना, सङ्गठन र संस्कार-संस्कृतिका क्षेत्रमा नवीन र उन्नत ढङ्गले काम गर्ने नवयुवाहरुसहितको पहलकदमी अहिलेको युगीन आवश्यकता हो। नवीन र उन्नत ढङ्गले काम गर्नु भन्नुको अर्थ के हो त ? यसको अर्थ वैज्ञानिक ढङ्गले पुष्टि भएका दर्शन, सिद्धान्त, ज्ञानविज्ञान, विश्लेषण विधि वा प्रयोग पद्धतिलाई त्याग्नु भनेको होइन। त्यसको अर्थ हो- एक, यसअघिका राजनीति र आन्दोलनमा देखिएका सोच (दर्शन/सिद्धान्त), सङ्गठन (पार्टी) र संस्कारका कमीकमजोरी पहिल्याउनु; दुई, वैज्ञानिक ढङ्गले समाजको अद्यावधिक विश्लेषण गर्नु; तीन, सही दृष्टिकोण, कार्यदिशा र रणनीति-कार्यनीति निर्धारण गर्नु; चार, मौलिक र उन्नत तरिकाले सिद्धान्तनिष्ठ सङ्गठन निर्माण गर्नु र पाँच, निरन्तर वैचारिक सङ्घर्ष तथा सांस्कृतिक जागरण सञ्चालन गर्नु।

नवनिर्माणको परिकल्पना बोकेका आँटिला, हिम्मतिला, उन्नत र समर्पित जोधाहा युवा अब नयाँ सङ्गठन (पार्टी) निर्माणमा कटिबद्ध हुन आवश्यक छ। नेपालका गरिखाने वर्ग (धयचपष्लन अबिकक) सँगसँगै कर्मशील र उद्यमशील पंक्तिलाई नयाँ सपनामा सङ्गठित गर्नका लागि माथि उल्लेखित तेस्रो पंक्तिभित्र विभिन्न कोसिस चलिरहेको छ। पार्टी निर्माणको कामसँगसँगै यस पंक्तिभित्रको प्रगतिशील खेमाबीच तत्कालीन मुद्दामा राजनीतिक सहकार्य र मोर्चाबन्दीको सम्भावना पनि खोजी गर्नु आवश्यक छ। त्यसो गर्दा जेनजी विद्रोहको म्यान्डेट अनुसार एक, भदौ २३ का दमनकारीलाई कारबाही गर्ने, दुई, भदौ २४ को विध्वंसको घुसपैठको छानबिन गर्ने, तीन, सबैखाले भ्रष्टाचारको अनुसन्धान गर्ने र चार, संविधानको प्रगतिशील पुनर्लेखन गर्ने प्रमुख चारवटा मागको वरपर ध्रुवीकृत र मोर्चाबद्ध अभियान सञ्चालन गर्न सकिन्छ।

(राजनीतिक संवाद थालनीको आयोजनामा कात्तिक १५ गते आयोजित 'जेनजी विद्रोह र आगामी बाटो' विषयक विचार-अन्तरक्रिया कार्यक्रममा सङ्गीतद्वारा प्रस्तुत छलफल-पत्र। रातोपाटीबाट सभार




ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं॥